# शिक्षक प्रशिक्षक सक्षमता प्रारूप, २०८२

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

## १. पृष्ठभूमि

राष्ट्रिय शिक्षा नीति, २०७६ र विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले गुणस्तरीय शिक्षाका लागि शिक्षक पेसागत विकासमा जोड दिइएका छन् । यसका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षकको पेसागत क्षमता विकाससम्बन्धी नीति निर्माण गर्ने, शिक्षा तथा मानव स्रोत विकास केन्द्रले शिक्षक तालिम पाठ्यक्रम, नमुना प्रशिक्षक निर्देशिका तथा स्रोत सामग्री विकास गर्ने, प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने र प्रदेशस्थित शिक्षा तालिम केन्द्रले प्रमाणीकरण शिक्षक तालिम सञ्चालन गर्ने व्यवस्था रहेको छ ।विद्यालय शिक्षा क्षेत्र योजनाले समेत शिक्षकको निरन्तर पेसागत विकासमार्फत गुणस्तरीय शिक्षामा जोड दिएको छ ।

शिक्षक पेसागत विकास प्रारूप, २०८० (परिमार्जित संस्करण) ले शिक्षक पेसागत विकासको दायरालाई फराकिलो बनाउँदै विभिन्न रणनीतिहरू समावेश गरी पेसागत विकासका कार्यक्रमहरू कार्यान्वयनमा ल्याएको छ । शिक्षकको निरन्तर पेसागत विकासका लागि भएका प्रयासहरूमा एक महिने सेवा प्रवेश तालिम एवम् एक महिने प्रमाणीकरण तालिम शिक्षा तालिम केन्द्रबाट र कस्टमाइज्ड तालिम शिक्षा तालिम केन्द्र तथा स्थानीय तहबाट सञ्चालन हुँदै आएका छन् ।

शिक्षा तालिम केन्द्रका प्रशिक्षक र रोस्टर प्रशिक्षकहरूबाट शिक्षकहरूका लागि विभिन्न प्रकारका तालिम सञ्चालन हुँदै आएका छन् । शिक्षकको पेसागत विकास तालिम पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि प्रशिक्षकहरूमा तालिमका विषयवस्तु प्रस्तुतीकरण गर्ने, नमुना पाठ प्रदर्शन गर्ने, सिकाइ क्रियाकलापहरूमा संलग्न गराउने, प्रशिक्षार्थी शिक्षकहरूको सिकाइको लेखाजोखा तथा मूल्याङ्कन गर्नेलगायतका ज्ञान र सिपको आवश्यकता पर्दछ । यसका लागि प्रशिक्षकहरूलाई निरन्तर पेसागत विकासको अवसर उपलब्ध गराई प्रशिक्षण दक्षता तथा सिप विकास गराउन आवश्यक हुन्छ ।

## २. प्रारूपको औचित्य

सक्षमता प्रारूपले शिक्षक र प्रशिक्षकहरूको ज्ञान, सिप तथा पेसागत गुणहरूको निर्धारण गर्दछ । सक्षमता प्रारूपका विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय अभ्यासहरू भेटिन्छन् जस्तैः शैक्षिक गुणस्तर परिक्षण केन्द्रले प्रकाशन गरेको विद्यार्थी उपलब्धिको मूल्याङ्कनले शिक्षकको क्षमता विकासका लागि प्रशिक्षक तयारीको आवश्यकता रहेको जनाएको छ। त्यसैगरी, युनेस्कोले सन् २०१९ मा जारी गरेको शिक्षण मापदण्डको विश्वव्यापी पेसागत प्रारूपले दक्ष शिक्षकमा हुनुपर्ने विषयवस्तुको ज्ञान र सम्पादन गर्नुपर्ने कार्यहरूको निर्धारण गरेको छ । यसका साथै ब्रिटिस काउन्सिलले विकास गरी कार्यान्वयनमा ल्याएको अङ्ग्रेजी विषय शिक्षकको विश्वव्यापी शिक्षक पेसागत विकास प्रारूपले विभिन्न १२ किसिमका पेसागत अभ्यासलाई समेटेको छ ।

नेपालमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले ब्रिटिस काउन्सिलसँगको सहकार्यमा हालै सम्पन्न गरेको अनुसन्धानले प्रदेश शिक्षा तालिम केन्द्रका प्रशिक्षक र रोस्टर प्रशिक्षकको ज्ञान, सिप तथा पेसागत गुणको

अभिवृद्धिका निम्ति पेसागत विकासका अवसरहरू आवश्यक रहेको देखाएको छ । उक्त अध्ययनले रोस्टर प्रशिक्षकहरूको छनोट, प्रशिक्षणको मूल्याङ्कन तथा निरन्तर पेसागत विकासका लागि मापदण्डको अभाव रहेको र पेसागत विकासका अवसरहरू पनि पर्याप्त नभएको देखाएको छ ।

शिक्षक सक्षमता प्रारूप, २०७२ ले शिक्षकका आठओटा सक्षमता निर्धारण गरी कार्यान्वयनमा ल्याएको छ । तर हालसम्म शिक्षक प्रशिक्षकहरूको सक्षमता प्रारूप विकास हुन नसकेको सन्दर्भमा प्रशिक्षकहरूको स्पष्ट सक्षमता निर्धारण गरी सोको विकासका लागि पेसागत क्षमता विकासका अवसरहरूको दायरा फराकिलो बनाउँदै पेसागत विकासमार्फत् शिक्षक तालिमलाई प्रभावकारी र गुणस्तरीय बनाउने ध्येयले यो प्रारूपको विकास गरिएको हो । यस सक्षमता प्रारूपले हाल कार्यरत फरक फरक क्षमता भएका प्रशिक्षकहरूका लागि मापदण्ड निर्माण, प्रशिक्षक विकास प्रशिक्षक मानक निर्धारण, स्वमूल्याङ्कनसमेत गर्न प्रदेश र स्थानीय तहलाई मापदण्ड बनाउन मार्गनिर्देश गर्दछ।

यस प्रारूपले प्रशिक्षकको छनोट, प्रशिक्षक तालिमको विकास र कार्यसम्पादन मूल्याङ्कन जस्ता शिक्षक तालिमसँग सम्बन्धित विभिन्न क्रियाकलापहरूका लागि आधार निर्माण गर्नुका साथै प्रशिक्षकको क्षमता विकास गरी तालिमको प्रभावकारिता र गुणस्तर अभिवृद्धि गर्दछ । साथै यस प्रारूपले सरकारी संयन्त्रभन्दा बाहिर रहेर विभिन्न किसिमका तालिम सञ्चालन गर्ने सङ्घसंस्थाहरूले परिचालन गर्ने प्रशिक्षकहरूका आधारभूत ज्ञान, सिप र पेसागत गुणको निर्धारण गर्न सुसूचित गर्दछ । अतः यस प्रारूपले शिक्षक प्रशिक्षक तयारीका क्षेत्रमा हुने सबै प्रकारका कार्यक्रम र पहलहरूका लागि भरपर्दो मार्गदर्शन प्रदान गर्ने अपेक्षा गरिएको छ ।

## ३. प्रशिक्षक सक्षमता र यसका क्षेत्रहरू

यस प्रारूपमा प्रशिक्षकहरूको पेसागत सक्षमतालाई आठओटा क्षेत्रमा विभाजन गरी उनीहरूको विकासको प्रक्रियालाई चार तहमा प्रस्तुत गरिएको छ । उक्त तहहरू क्रमबद्ध रूपमा तालिकामा प्रस्तुत गरेअनुसार आधारभूतदेखि उच्चतम प्रयोग गर्ने क्षमतासम्म सङ्गठित गरिएका छन्।

| **सक्षमताको तह** ⇨ <br> **सक्षमताको क्षेत्र** | **तह १** - आधारभूत जानकारी भएको | **तह २** - बुझाइ र अभ्यास विकास हुँदै गरेको | **तह ३** - उन्नत तहको अभ्यास गर्दै गरेको | **तह ४** – उच्चतम दक्षता प्रदर्शन गरेको |
|---|---|---|---|---|
| **क्षेत्र १ – शैक्षिक नीति र कानुनी व्यवस्था** | | | | |
| **१.१ शिक्षा प्रणालीसँग सम्बन्धित नीतिगत तथा कानुनी व्यवस्था** | नेपालको संविधान र समसामयिक सङ्घीय, प्रादेशिक र स्थानीय तहका शिक्षा नीति र | नेपालको संविधान र समसामयिक सङ्घीय, प्रादेशिक र स्थानीय तहका शिक्षा नीति, कानुनी | नेपालको संविधान र समसामयिक सङ्घीय, प्रादेशिक र स्थानीय तहका शिक्षा नीति, | नेपालको संविधान र समसामयिक सङ्घीय, प्रादेशिक र स्थानीय तहका शिक्षा नीति र कानुनी व्यवस्थाको आत्मसात्करण |

| | | | | |
|---|---|---|---|---|
| | कानुनी व्यवस्थाका बारेमा जानकारी | व्यवस्था र अभ्यासको बोध | कानुनी व्यवस्था र अभ्यासको विश्लेषण | |
| **क्षेत्र २ – विविधताको व्यवस्थापन** | | | | |
| **२.१ नेपालको सामाजिक तथा सांस्कृतिक परिवेश** | विविधितायुक्त सामाजिक तथा सांस्कृतिक परिवेश र अभ्यासका बारेमा जानकारी | विविधितायुक्त सामाजिक तथा सांस्कृतिक परिवेश र अभ्यासका बारेमा बोध | विविधितायुक्त सामाजिक तथा सांस्कृतिक परिवेश र अभ्यासको विश्लेषण र तद्अनुरूपको व्यवहार प्रदर्शन | विविधितायुक्त सामाजिक तथा सांस्कृतिक परिवेश र अभ्यासको आत्मसात्करण |
| **२.२ कक्षाकोठाको विविधता र समावेशीकरण** | कक्षाकोठाको विविधता र समावेशीकरणका बारेमा आधारभूत जानकारी | कक्षाकोठाको विविधता व्यवस्थापन र समावेशीकरण सम्बन्धी बुझाइ | कक्षाकोठाको विविधताको विश्लेषण गरी समावेशीकरणको सिद्धान्तअनुकूल व्यवहार प्रदर्शन | कक्षाकोठाको विविधताको व्यवस्थापन गरी समावेशी वातावरणको सिर्जना |
| **२.३ सिकाइ विविधताको व्यवस्थापन** | सिकाइ विविधताको बारेमा जानकारी | सिकाइ विविधताको व्यवस्थापनसम्बन्धी बुझाइ | सिकाइ विविधता अनुकूल सहजीकरण | सिकाइ विविधताको विश्लेषण र यसबाट सिर्जित अवसरको उपयोग |
| **क्षेत्र ३ - विषयवस्तुको ज्ञान** | | | | |
| **३.१ विषयगत विषयवस्तु र सिकाइ सिद्धान्त** | सम्बन्धित विषयवस्तु र सोसँग सम्बन्धित सिकाइ सिद्धान्तहरूका बारेमा अद्यावधिक ज्ञान | सम्बन्धित विषयवस्तु र सिकाइ सिद्धान्तहरूको बोध | सम्बन्धित विषयवस्तु र सिकाइ सिद्धान्तहरूको विश्लेषण र प्रयोग | सम्बन्धित विषयवस्तु र सिकाइका सिद्धान्तअनुकूल सिकाइ अवसरको सिर्जना |
| **३.२ पाठ्यक्रम र पाठ्यसामग्री** | सम्बन्धित विषय तथा विद्यालय तहको पाठ्यक्रम तथा पाठ्यसामग्रीका सम्बन्धमा जानकारी | सम्बन्धित विषय तथा विद्यालय तहको पाठ्यक्रम तथा पाठ्यसामग्रीको बारेमा बुझाइ | सम्बन्धित विषय तथा विद्यालय तहको पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपयुक्त प्रयोग | विद्यालय तहको पाठ्यक्रमअनुरूप सम्बन्धित विषयका साथै विभिन्न किसिमका सिकाइ सामग्रीको निर्माण तथा प्रयोग |
| **क्षेत्र ४ - शिक्षण विधि र प्रविधिको प्रयोग** | | | | |
| **४.१ शिक्षण विधि** | शैक्षणिक तौरतरिकाहरूका बारेमा जानकारी | शैक्षणिक तौरतरिकाहरूको बारेमा बुझाइ | उपयुक्त शैक्षणिक तौरतरिकाहरूको | उपयुक्त शैक्षणिक तौरतरिकाहरूको अनुकूलित प्रयोग |

| | | | | |
|---|---|---|---|---|
| | | | छनोट, विश्लेषण तथा प्रदर्शन | |
| **४.२ शिक्षामा प्रविधि** | शिक्षण सिकाइका नवीनतम डिजिटल प्रविधि तथा सामग्रीहरूका सम्बन्धमा जानकारी | शिक्षण सिकाइका नवीनतम डिजिटल प्रविधि तथा सामग्रीहरूको प्रयोगसम्बन्धी बुझाइ | नवीनतम डिजिटल प्रविधि तथा सामग्रीहरूको खोज, छनोट तथा प्रयोग | आवश्यकता र सन्दर्भअनुसार नवीनतम डिजिटल प्रविधि तथा सामग्रीहरूको प्रयोग गरी सिकाइका अवसरको सिर्जना |
| **४.३ सिकाइका विविध माध्यम** | सिकाइका विविध माध्यम [अनलाइन, आमनेसामने, फ्लिप्ट (Flipped) लगायत] का बारेमा जानकारी | सिकाइका विविध माध्यम [अनलाइन, आमनेसामने, फ्लिप्ट (Flipped) लगायत] का बारेमा बोध | सिकाइका विविध माध्यम [अनलाइन, आमनेसामने, फ्लिप्ट (Flipped) लगायत] को छनोट तथा प्रयोग | आवश्यकता तथा परिवेशअनुसार सिकाइका विविध माध्यम [अनलाइन, आमनेसामने, फ्लिप्ट (Flipped) लगायत] को अनुकूलित प्रयोग |
| **क्षेत्र ५ - तालिम योजना, तयारी र सहजीकरण** | | | | |
| **५.१ तालिम पाठ्यक्रम तथा स्रोतसामग्री विकास** | तालिम पाठ्यक्रम तथा स्रोतसामग्री विकासका विधि, प्रक्रिया तथा ढाँचाहरूको जानकारी | तालिम पाठ्यक्रम तथा स्रोतसामग्री विकासका विधि, प्रक्रिया तथा ढाँचाहरूको बुझाइ | उपयुक्त ढाँचा, विधि र प्रक्रियाको उपयोग गरी तालिम पाठ्यक्रम तथा स्रोतसामग्रीको विकास | तालिम पाठ्यक्रम तथा स्रोतसामग्रीको विकास र परिवेश र आवश्यकताअनुसार परिमार्जन |
| **५.२ तालिम सत्र योजना र तयारी** | तालिम पाठ्यक्रमअनुरूप तालिम सत्रको योजना निर्माणका विविध ढाँचाहरूका सम्बन्धमा जानकारी | तालिम पाठ्यक्रमअनुरूप तालिम सत्रको योजना निर्माणका विविध ढाँचाहरूसम्बन्धी बुझाइ | तालिम पाठ्यक्रमअनुरूप तालिम सत्रको योजना निर्माण | तालिम पाठ्यक्रमअनुरूप तालिम सत्रको योजना निर्माण र आवश्यकताअनुसार परिमार्जन |
| **५.३ सिकाइ अवस्था तथा आवश्यकताको पहिचान** | प्रशिक्षार्थीको सिकाइ अवस्था तथा आवश्यकताको पहिचानका सम्बन्धमा जानकारी | प्रशिक्षार्थीको सिकाइ अवस्था तथा आवश्यकताको पहिचानका सम्बन्धमा बुझाइ | प्रशिक्षार्थीको सिकाइ अवस्था तथा आवश्यकताको पहिचान | प्रशिक्षार्थीको सिकाइ अवस्था तथा आवश्यकताको विश्लेषण |

| | | | | |
|---|---|---|---|---|
| **५.४ तालिम सत्र सहजीकरण** | तालिम सत्र सहजीकरणका सिपहरूका सम्बन्धमा जानकारी | तालिम सत्र सहजीकरणका सिपहरूका सम्बन्धमा बुझाइ | तालिम सत्र सहजीकरणका क्रममा आवश्यकताअनुसारका सिपहरूको छनोट तथा उपयोग | तालिम सत्र सहजीकरणका विविध सिपको प्रयोग गरी सहभागीको सक्रिय सहभागिताको अवसर सिर्जना |
| **५.५ सञ्चार र अन्तरद्वन्द्व व्यवस्थापन** | प्रभावकारी सञ्चार र अन्तरद्वन्द्वको व्यवस्थापनका विधिका बारेमा जानकारी | प्रभावकारी सञ्चार र अन्तरद्वन्द्वको व्यवस्थापनका विधिका बारेमा बुझाइ | प्रभावकारी सञ्चार र अन्तरद्वन्द्व व्यवस्थापनका विधिको उपयोग | प्रभावकारी सञ्चार र अन्तरद्वन्द्वको उपयुक्त व्यवस्थापन |
| **५.६ तालिम सत्र मूल्याङ्कन** | तालिम सत्रको मूल्याङ्कनका विधिका बारेमा जानकारी | तालिम सत्रको प्रभावकारी मूल्याङ्कनका विधि तथा साधनहरूका बारेमा बुझाइ | तालिम सत्रको मूल्याङ्कनका साधनहरूको विकास र प्रयोग | तालिम सत्रको मूल्याङ्कनका आधारमा तालिम सहजीकरणमा सुधार र परिमार्जन |
| **क्षेत्र ६ – निरन्तर सिकाइ र पेसागत विकास** | | | | |
| **६.१ प्रशिक्षकको पेसागत विकास** | प्रशिक्षकको पेसागत विकासका विविध विधि तथा रणनीतिका बारेमा जानकारी | प्रशिक्षकको पेसागत विकासका विविध विधि तथा रणनीतिका बारेमा बुझाइ | प्रशिक्षकको पेसागत विकासका विविध विधि तथा रणनीतिको अवलम्बन तथा अभ्यास | प्रशिक्षकको पेसागत विकासका विविध विधि तथा रणनीतिको अवलम्बनमार्फत निरन्तर सिकाइमा संलग्नता |
| **६.२ शिक्षकको पेसागत विकास** | शिक्षकको निरन्तर सिकाइ र पेसागत विकासका विधि तथा रणनीतिहरूका बारेमा जानकारी | शिक्षकको निरन्तर सिकाइ र पेसागत विकासका विधि तथा रणनीतिहरूका बारेमा बुझाइ | शिक्षकको निरन्तर सिकाइ र पेसागत विकासका विधि तथा रणनीतिहरूको प्रदर्शन | शिक्षकको निरन्तर सिकाइ र पेसागत विकासका लागि आवश्यकता र परिवेशका आधारमा पेसागत विकासका उपयुक्त विधि तथा रणनीतिहरूको अनुकूलन |

| | | | | |
|---|---|---|---|---|
| **६.३ पेसागत सहायता** | शिक्षकका लागि निरन्तर सहयोग (Follow-up support) र पृष्ठपोषणका तरिकाहरूका सम्बन्धमा जानकारी | शिक्षकका लागि निरन्तर सहयोग (Follow-up support) र पृष्ठपोषणका तरिकाहरूसम्बन्धी बुझाइ | शिक्षकका लागि निरन्तर सहयोग (Follow-up support) र पृष्ठपोषणका विविध माध्यम र तरिकाहरूको उपयोग | शिक्षकका लागि निरन्तर सहयोग (Follow-up support) र पृष्ठपोषणका विविध माध्यम तथा नवीनतम तरिकाहरूको उपयोग तथा अनुकूलन |
| **६.४ अनुसन्धानात्मक अभ्यास** | निरन्तर सिकाइका लागि अनुसन्धानको महत्त्व, आवश्यकता, प्रकार र विधिहरूका बारेमा जानकारी | निरन्तर सिकाइका लागि अनुसन्धानको महत्त्व, आवश्यकता, प्रकार र विधिहरूको बुझाइ | निरन्तर सिकाइका लागि अनुसन्धानको उपयुक्त विधिको प्रयोग गरी अनुसन्धान कार्य सम्पादन | अनुसन्धानको नतिजा बारेमा आदानप्रदान, प्रकाशन र कार्यसम्पादनमा सुधार |
| **क्षेत्र ७ - मनोसामाजिक स्वास्थ्य** | | | | |
| **७.१ मनोसामाजिक स्वास्थ्य** | मनोसामाजिक स्वास्थ्यको भूमिका र यसका विधिहरूका बारेमा जानकारी | मनोसामाजिक स्वास्थ्यको प्रवर्धन गर्ने विधि र तौरतरिकाहरू (जस्तैः योग र ध्यान) को बुझाइ | मनोसामाजिक स्वास्थ्यको प्रवर्धन गर्ने विधि र तौरतरिकाहरू (जस्तैः योग र ध्यान) को अभ्यास | मनोसामाजिक स्वास्थ्यका विधि र तौरतरिकाहरू (जस्तैः योग र ध्यान) को प्रवर्धन |
| **७.२ संवेग र तनाव व्यवस्थापन** | संवेग तथा तनाव व्यवस्थापनका उपायहरूका बारेमा जानकारी | संवेग तथा तनाव व्यवस्थापनका उपायहरूका बारेमा बुझाइ | संवेग तथा तनाव व्यवस्थापनका उपायहरूको प्रयोग | संवेग तथा तनाव व्यवस्थापन |
| **क्षेत्र ८. पेसागत आचरण र सदाचारिता** | | | | |
| **८.१ पेसागत आचरण** | पेसागत मूल्यमान्यता, आचरण र आचारसंहिताका बारेमा जानकारी | पेसागत मूल्यमान्यता, आचरण र आचारसंहिताबिचको | पेसागत मूल्यमान्यता र आचारसंहिता बमोजिम आचरणको प्रदर्शन | पेसागत मूल्यमान्यता र आचारसंहिताबमोजिम आचरण प्रदर्शन र प्रवर्धन |

| | | | | |
|---|---|---|---|---|
| | | अन्तरसम्बन्धका बारेमा बुझाइ | | |
| **८.२ नैतिकता, सदाचारिता र जवाफदेहिता** | नैतिकता, सदाचारिता र जवाफदेहिताका बारेमा जानकारी | नैतिकता, सदाचारिता र जवाफदेहिताका बारेमा बुझाइ | नैतिकता, सदाचारिता र जवाफदेहिताको प्रदर्शन | नैतिकता, सदाचारिता र जवाफदेहिताको प्रदर्शन तथा प्रवर्धन |

## ४. प्रशिक्षकहरूको पेसागत सक्षमता विकासका विधि

प्रशिक्षकहरूमा अपेक्षित सक्षमताहरूको विकास गर्नका लागि विभिन्न विधिहरू अवलम्बन गर्नुपर्छ । त्यस्ता विधिहरूलाई प्रशिक्षकहरूले औपचारिक, अनौपचारिक वा स्वनिर्देशित तरिकाले अवलम्बन गर्न सक्ने छन् ।

### ४.१ प्रशिक्षक प्रशिक्षण

प्रशिक्षकहरूले शिक्षा तथा मानव स्रोत विकास केन्द्रले सञ्चालन गर्ने प्रशिक्षक प्रशिक्षणमा सहभागी भएर शिक्षण र प्रशिक्षणसम्बन्धी ज्ञान, सिप र पेसागत गुणको अभिवृद्धि गर्न सक्छन् । यस्ता तालिमका पाठ्यक्रमले प्रशिक्षकहरूलाई यस प्रारूपमा उल्लिखित सक्षमताहरू आर्जन गर्न र व्यवहारमा उतार्न सक्षम बनाउनुपर्दछ । सम्बन्धित निकायहरूले प्रशिक्षकहरूलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा सञ्चालन हुने तालिमहरूमा सहभागी हुने अवसरहरू उपलब्ध गराउन सक्ने छन् ।

### ४.२ पेसागत विकाससँग सम्बन्धित स्रोत सामग्रीहरूको अध्ययन

प्रशिक्षकहरूले पेसागत र प्राज्ञिक स्रोत सामग्रीहरूको अध्ययन गरेर आफ्नो पेसागत विकास गर्न सक्ने छन्। अनलाइन अध्ययन सामग्रीहरू प्रशिक्षकहरूको पेसागत विकासका लागि महत्त्वपूर्ण हुने भएकाले सम्बन्धित संस्थाहरूले यस्ता सामग्रीहरूको पहिचान गरी निःशुल्क उपलब्ध गराउनुपर्दछ । प्रशिक्षकहरूले उपलब्ध सामग्रीहरू एकल वा समूहमा सहकार्य गरी अध्ययन गर्न सक्ने छन् ।

### ४.३ सेमिनार, वेबिनार र कार्यशालाहरूमा सहभागिता

प्रशिक्षकहरूको सिकाइलाई सहज, विशिष्ट, स्वनिर्देशित र व्यवहारउन्मुख बनाउन विभिन्न किसिमका वेबिनार र कार्यशालाहरूमा सहभागी हुने अवसर उपलब्ध गराउनुपर्छ । यस्तो सहभागिताले पेसाप्रतिको दृष्टिकोण परिवर्तन गर्न र त्यसलाई व्यवहारमा उतार्न अभिप्रेरित गर्दछ । यसबाट पेसागत आचरण, विषयवस्तु र परिवेशका सम्बन्धमा साझा बुझाइको विकास गर्न सहयोग पुग्छ ।

### ४.४ पेसागत समुदायमा संलग्नता

प्रशिक्षकहरूले पेसागत समुदायमा संलग्न भएर आफ्नो पेसासँग जोडिएका सरोकारवालाहरूसँग असल सम्बन्ध स्थापना गरी पेसागत चुनौतीहरूको सामना गर्न सक्छन् । यस्तो सहभागिताले पेसागत संस्कारको विकास गर्ने मात्र नभई पेसागत आचरणको अनुशरण गर्न अभिप्रेरित गर्दछ । पेसागत समुदायमा संलग्न हुनाले राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा शिक्षक शिक्षा र शिक्षक तालिमका क्षेत्रमा काम गर्ने संस्थाहरूमा कार्यरत व्यक्तिहरूसँग सहकार्य गरी पेसागत सिकाइ क्षमताको विकास हुन सक्छ ।

### ४.५ अवलोकन

प्रशिक्षकहरूले अनुभवी प्रशिक्षकहरूका तालिम सत्रहरूको अवलोकन गरेर तालिम सिपको विकास गर्न सक्छन्। यस प्रक्रियामा प्रशिक्षकहरूले तालिमको प्रस्तुति, अन्तरक्रिया र क्रियाकलापहरूका क्रमका बारेमा थप जानकारी प्राप्त गर्न सक्छन् । अवलोकनका निम्ति उनीहरूले पूर्वनिर्धारित रुजुसूचीको प्रयोग वा टिपोट लेखन गर्न सक्छन् । साथै प्रशिक्षकहरूले आफ्नो प्रस्तुतिहरूको रेकर्ड गरेर ज्ञान र सिपका बारेमा चिन्तन गरी तालिम क्रियाकलापलाई थप परिष्कृत र सुदृढ बनाउन सक्छन् । प्रशिक्षकको पेसागत सिकाइलाई थप सुदृढ बनाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अवलोकन भ्रमणमा संलग्न गराउन सकिने छ ।

### ४.६ स्वमूल्याङ्कन

प्रशिक्षकहरूले आफ्नो पेसागत कार्य र व्यवहारको मूल्याङ्कन गरेर तालिमसम्बन्धी आफ्ना ज्ञान र सिपलाई थप सुदृढ सक्छन् । स्वमूल्याङ्कनले आफ्नो तालिम अभ्यासलाई गहिराइमा बुझ्न र सही ढङ्गले नियमन गर्न सहयोग गर्छ । आफ्नो पेसागत अभ्यासको अनुचिन्तन र  लेखाजोखा गर्नाले प्रशिक्षकहरूलाई आफ्ना तालिम सत्रहरूको प्रस्तुतिलाई वस्तुगत ढङ्गले बुझ्ने अवसर प्राप्त हुन्छ । पेसागत सिकाइको यस विधिले पेसाप्रतिको दायित्व बोध गराउनुका साथै उपलब्धिको भावना सिर्जना गर्दछ ।

### ४.७ अनुचिन्तन अभ्यास

प्रशिक्षकहरूले आफ्ना अनुभवहरूमाथि सघन चिन्तन गरेर आफ्नो पेसागत ज्ञान र सिपका बारेमा समालोचनात्मक चेतको विकास गर्न सक्छन् । अनुचिन्तनअन्तर्गत प्रशिक्षकहरूले आफ्ना कार्यको अवलोकन, अनुगमन र पेसागत जीवनमा आफूले भोगेका विशिष्ट घटनाहरूको विश्लेषण गर्ने जस्ता क्रियाकलापह पर्दछन् । यस्ता अनुभवजन्य सिकाइ चक्रमा सहभागी भएर प्रशिक्षकहरूले आफ्नो पेसागत विकासका सक्षमताहरूको निरन्तर विकास गर्न सक्छन् ।

### ४.८ कार्यमूलक अनुसन्धान

प्रशिक्षकहरूले आफ्नो कार्यस्थलमा सामना गरेका समस्याहरूको पहिचान गर्न र तिनको सामना गर्ने उपाय निकाल्न कार्यमूलक अनुसन्धान गर्न सक्छन् । कार्यमूलक अनुसन्धानको मुख्य उद्देश्य प्रशिक्षकहरूलाई ससाना अनुसन्धान कार्यहरूमा संलग्न गराई पेसागत ज्ञान, सिप र अवधारणासम्बन्धी सक्षमताहरूको विकास गर्नु हो । कार्यमूलक अनुसन्धान शिक्षक पेसागत विकास प्रारूपको एक अभिन्न अङ्ग भएको परिप्रेक्ष्यमा शिक्षकहरूलाई यस्तो अनुसन्धानका निम्ति तयार गर्न पनि प्रशिक्षकहरूमा कार्यमूलक अनुसन्धानको ज्ञान र सिपको आवश्यकता पर्दछ । यस अनुसन्धानमा प्रशिक्षकहरूको सहभागिताले आफ्नो पेसासँग सम्बन्धित विषयवस्तु र मुद्दाहरूको बुझाइमा अपेक्षाकृत परिवर्तन ल्याउन सक्ने र तथ्यमा आधारित सुधारका उपाय तय गर्न सक्ने क्षमताको विकास गर्दछ ।

### ४.९ मेन्टरिङ

नवप्रवेशी प्रशिक्षकहरूले रचनात्मक सहयोग गर्न सक्ने अनुभवी सहकर्मीहरूसँग सहकार्य गरेर आफ्नो ज्ञान, सिप र पेसागत अभिवृत्तिको विस्तार गर्न सक्छन् । यसका निम्ति अनुभवी प्रशिक्षकहरूमा मेन्टरिङका लागि विश्वासको वातावरण निर्माण, नवप्रवेशी प्रशिक्षकहरूसँग सामिप्यताको विकास, सक्रिय सुनाइ र रचनात्मक पृष्ठपोषण प्रदान गर्न सक्ने क्षमताको आवश्यकता पर्दछ ।

## ५. प्रारूपको कार्यान्वयन

यो प्रारूप शिक्षक प्रशिक्षकहरूको पेसागत विकासका लागि नीतिगत मार्गदर्शनका रूपमा रहने छ । प्रशिक्षकहरूमा यस प्रारूपमा उल्लिखित सक्षमता विकास गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आवश्यक निर्देशिका र कार्यविधि जारी गर्न र मापदण्ड निर्धारण गर्न सक्ने छ । त्यसैगरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तालिम पाठ्यक्रम निर्माण, शिक्षक प्रशिक्षकको पेसागत विकास प्रारूप तयार, उनीहरूको क्षमता विकास र अन्य स्रोत सामग्रीहरूको विकास, वितरण र प्रबोधीरण गर्न सक्ने छ ।